# बुटवल पावर कम्पनी लिमिटेड
# BUTWAL POWER COMPANY LIMITED

गंगादेवी मार्ग वडा नं. १०, बुद्धनगर, काठमाडौं ।
फोन नं: ४७८१७७६, ४७८४०२६, फ्याक्स नं: ०१-४७८०९९४
Email: info@bpc.com.np, URL: www.bpc.com.np

को

## शेयरधनी महानुभावहरुलाई नगद लाभांश वितरण सम्बन्धी सूचना

यस बुटवल पावर कम्पनी लिमिटेडको मिति २०७६/०९/२४ गतेका दिन सम्पन्न २७औं वार्षिक साधारण सभाबाट यस कम्पनीका शेयरधनीहरुलाई आ.व.२०७५/०७६ को मुनाफाबाट चुक्ता पूँजीको १८ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त नगद लाभांश आज मिति २०७६/१०/२६ गते आइतबारका दिनदेखि क्रमशः एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाडौंबाट देहाय बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराएको बैंक खातामा जम्मा/भुक्तानी गर्ने व्यवस्था गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. साधारण सभा प्रयोजनकालागि शेयर दाखिला बन्द हुने मितिसम्ममा कायम रहेका शेयरधनीहरुको हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक भएको हकमा नगद लाभांश वापतको रकम सोही खातामा नै जम्मा गर्ने व्यवस्था गरिएको छ ।

ख. हालसम्म पनि अभौतिकीकरण (DEMAT) नगराउनु भएका वा हितग्राही खाता खोलेर पनि यस कम्पनीको शेयर अभौतिकीकरण नगराउनु भएका शेयरधनी महानुभावहरुले आफुलाई पायक पर्ने निक्षेप सदस्यकोमा हितग्राही खाता खोल्नु भई आफ्नो शेयर यथाशक्य छिटो अभौतिकीकरण गराई हितग्राही खातामा आफ्नो बैंक खाताको विवरण अद्यावधिक गर्नु भए पश्चात सोही बैंक खातामा नगद लाभांशको रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

ग. आफ्नो शेयर अभौतिकीकरण (DEMAT) गराईसक्नु भएका तर हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराउनु भएका शेयरधनी महानुभावहरुले यथाशक्य छिटो आफ्नो हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक गराउनु भएमा निजहरुको नगद लाभांश सोही खातामा क्रमानुसार जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**बैंक खाता अद्यावधिक गर्दा ध्यान दिनुपर्ने कुराहरुः**

१. आफ्नो बैंक खाता नेपाल क्लियरिङ्ग हाउसबाट IPS को सदस्यता प्राप्त बैंक वा वित्तीय संस्थामा नै हुनुपर्नेछ र सम्बन्धित शेयरधनी कै नाममा (नाबालक भएमा निजकै नाममा) रहेको चल्ती वा बचत खाता हुनुपर्नेछ ।

२. हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक गराउँदा बैंकबाट उपलब्ध गराईएको खाता नं. हुबहु मिल्नुपर्नेछ र सोही विवरण नै अद्यावधिक गराउनु पर्नेछ ।

३. बैंक खाता नं. रुजु नभएको, मर्जर पश्चात खाता रहेको बैंकको नाम परिवर्तन भएको, हितग्राही खाता र बैंक खाताको नाम रुजु नभएको तथा अन्य विविध कारणले लाभांशको रकम खातामा जम्मा हुन नसकेका शेयरधनीहरुको हकमा हितग्राही खातामा उल्लेखित विवरण अद्यावधिक भए पश्चात क्रमानुसार नगद लाभांश IPS मार्फत बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

४. बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ ।

**आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनीहरुको हकमाः**

यस साधारण सभा प्रयोजनकालागि शेयर दाखिल खारेजी बन्द हुने दिन भन्दा अघिल्लो दिन सम्ममा आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्नुभएका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट धितो राखेको शेयरको संख्या समेत खुल्ने गरी NO Objection Letter अथवा उल्लेखित मिति पछाडी कर्जा चुक्ता गर्नु भएका शेयरधनीहरुले नगद लाभांश फुकुवा गरिदिने पत्र प्राप्त गरी एनएमबि क्यापिटल लिमिटेडमा पेश गरे पश्चात् नगद लाभांश निज शेयरधनीको हितग्राही खातामा उल्लेख गरेको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

NMB CAPITAL
LIMITED

**शेयर रजिष्ट्रारः**

**एनएमबि क्यापिटल लिमिटेड**

नक्साल, नागपोखरी, काठमाडौं
फोनः ०१-४४३७९६३, फ्याक्सः ०१-४४३७९६०
E-mail: info@nmbcl.com.np
Url: www.nmbcl.com.np